annapurnapost.com

# अन्नपूर्ण पोस्ट


वर्ष २४, अंक २२९, पृष्ठ ८ | काठमाडौं, आइतबार १३ पुस २०८२ | पौष शुक्लपक्ष अष्टमी, नेपाल संवत् ११४६ | SUNDAY, DECEMBER 28, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# गुलियो उखुको खल्लो भाउ

वर्षौंदेखिको उखु किसानको उही पीडा छ- न भने जस्तो भाउ, न समयमा भुक्तानी। यही पीडाका कारण नगदे उखु बाली किसानका लागि पीडादायी बन्दै छ। सरकारले न समयमा समर्थन मूल्य तोक्छ, न मिलहरूले समयमा भुक्तानी दिन्छन्। त्यसैकारण, कृषिप्रधान देशका उखु किसान पीडित छन्।






समाचार पृष्ठ २

गोविन्द महतो | *जनकपुरधाम*
- को रिपोर्ट

# दलहरूले भने– चुनावमा भाग लिन्छौं, वातावरण चाहियो

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

प्रमुख तीन दलका शीर्ष नेताले फागुन २१ को निर्वाचनमा भाग लिने भन्दै सुरक्षासहित निर्वाचनको वातावरण बनाउन सरकारलाई आग्रह गरेका छन्। गत भदौ २३ र २४ को जेन-जी आन्दोलनपछि पहिलोपटक प्रधानमन्त्री सुशीला कार्की र तीन प्रमुख दलका शीर्ष नेताबीच शनिबार बालुवाटारमा छलफल भएको थियो। जेन-जी आन्दोलनको साढे तीन महिनापछि एमाले अध्यक्ष केपी शर्मा ओली, कांग्रेस सभापति शेरबहादुर देउवा, नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल र अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीबीच छलफल भएको हो।

'पुराना दलका नेताको अनुहार पनि हेर्न मन छैन' भन्ने प्रधानमन्त्री कार्कीको अभिव्यक्तिपछि दल र सरकारबीच दूरी बढेको थियो। सरकारले फागुन २१ मा निर्वाचनको मिति तोके पनि सरकार र दलबीचको तिक्तताका कारण चुनावप्रति आंशका गरिएको थियो। तर, शनिबारको छलफल र भेटघाटले चुनावको वातावरण बनेको सरकारका प्रवक्ता एवं सञ्चारमन्त्री जगदीश खरेलले बताए।



शीर्ष नेतासँगको छलफलमा प्रधानमन्त्री कार्कीले फागुन २१ को निर्वाचनका लागि सुरक्षालगायतका वातावरण बनाउन सरकार लागि परेको विश्वास दिलाउँदै चुनावमा सहभागी हुन शीर्ष नेतालाई आग्रह गरेकी थिइन्। प्रधानमन्त्री कार्कीले भनेकी थिइन्, 'यो निर्वाचन जसरी पनि सफल पारौं। तपाईंहरू निर्वाचनका लागि तयारै हुनुहुन्छ भन्ने नै मैले देखेकी छु। त्यस्तो वातावरण बनिरहेको देख्छु। यो स्वागतयोग्य छ।'

सरकारका प्रवक्ता एवं सञ्चारमन्त्री जगदीश खरेलले सुरक्षालगायतका वातावरण सरकारले बनाएकाले अब चुनाव हुन्छ कि हुँदैन भन्ने दुविधा हटेको दाबी गरेका छन्। उनले तीनै शीर्ष नेता चुनावमा जान तयार रहेकाले अब चुनाव हुनेमा कुनै दुविधा नरहेको स्पष्ट पारे। कांग्रेस सभापति देउवाले दलहरू निर्वाचनमा जान तयार भएको छलफलपछि बताए। उनले सुरक्षाको प्रत्याभूति सरकारले गरेमा दलहरू निर्वाचनमा जान रेडी रहेको बताए।

» बाँकी पृष्ठ ६

# ९ लाख बढी जेन-जी मतदाता थपिए, कुल मतदाता १,८९,०३,६८९

**राजकरण महतो** | *काठमाडौं*

- ३० वर्षमुनिका युवाको उल्लेख्य उपस्थिति
- मतदान केन्द्रको संख्या ८८५ मात्र

फागुन २१ गते हुने निर्धारित प्रतिनिधिसभा सदस्य निर्वाचनमा जेन-जी पुस्ताका ९ लाख बढी मतदाता थपिँदा निर्वाचनको स्वरूप नै बदलिने संकेत देखिएको छ। ०७९ को निर्वाचनभन्दा फागुन २१ को निर्वाचनमा ५.०९ प्रतिशतले नयाँ मतदाता वृद्धि भएको निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले बताए। ०७९ को निर्वाचनभन्दा ९ लाख १५ हजार १ सय १९ नयाँ मतदाता थपिएको आयोगले सार्वजनिक गरेको तथ्यांकले देखाएको छ। थपिएका मतदातामा धेरै ३० वर्षमुनिका छन्।

आयोगका सहसचिव तथा प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार ०७९ को प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनमा पुरुष ९१ लाख ४० हजार ८ सय ६, महिला ८८ लाख ४७ हजार ५ सय ७९ र अन्य १ सय ८५ गरी १ करोड ७९ लाख ८८ हजार ५ सय ७० मतदाता थिए। ०७९ को तुलनामा ०८२ मा मतदाताको संख्या ९ लाख १५ हजार ११९ ले वृद्धि भएको छ। पुरुष मतदाताको संख्या ५ लाख २२ हजार ५ सय ५२, महिला मतदाताको संख्या ३ लाख ९२ हजार ५ सय ५२ र अन्य मतदाताको संख्या १५ ले थप वृद्धि भएको आयोगले जनाएको छ।

### कुल मतदाता १ करोड ८९ लाख बढी

आयोगले आउँदो निर्वाचनका लागि १ करोड ८९ लाख ३ हजार ६८९ जना मतदाता रहेको अन्तिम नामावली शनिबार सार्वजनिक गरेको छ। आयोगका प्रवक्ता भट्टराईका अनुसार अन्तिम मतदाता नामावलीमा ९६ लाख ६३ हजार ३ सय ५८ पुरुष, ९२ हजार ४० हजार १ सय ३१ महिला र अन्य २ सय मतदाताको नाम समावेश गरिएको छ।

» बाँकी पृष्ठ ६

# रवि–बालेन–कुलमान एकता अलमलमा

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

रवि लामिछानेले नेतृत्व राष्ट्रिय स्वतन्त्र पार्टी, काठमाडौं महानगरपालिका मेयर बालेन्द्र साह (बालेन) र ऊर्जामन्त्री कुलमान घिसिङ संरक्षकत्वको उज्यालो नेपाल पार्टीबीच एकता अलमलमा परेको छ। भागबन्डामा कुरा नमिलेपछि शनिबार गर्ने भनिएको एकता घोषणा पनि सफल हुन सकेन।

शनिबार बिहान र बेलुका बालेन र कुलमानबीच संवाद भएको थियो। रवि र बालेनका सहयोगीले एकताको खाका पनि बनाएका थिए। उक्त खाकामा सहअतित्वको विषय उठाउँदै कुलमानले रास्वपासँग मिल्ने विषयमा प्रश्न उठाएका थिए। पार्टी सभापति रवि लामिछाने हुने, पार्टीको नाम रास्वपा रहने र पार्टीको चुनाव चिह्न पनि घण्टी नै हुने भनिएपछि कुलमानले एकता प्रक्रियामा असहमति जनाएका हुन्। 'पद, पार्टीको नाम, चुनाव चिह्न सबै उताको, हाम्रो के ?' भन्ने कुलमानको प्रश्न छ। बालेन र रविका प्रतिनिधिले बनाएको खाकामा रवि सभापति, बालेन प्रधानमन्त्री र कुलमानलाई वरिष्ठ नेता बनाउने उल्लेख छ।

» बाँकी पृष्ठ ६

# युक्रेनको नयाँ शान्ति प्रस्तावमा रूसको असहमति

**किएभ** (एजेन्सी): युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले अमेरिकाको फ्लोरिडा राज्यमा राष्ट्रपति डोनाल्ड ट्रम्पसँग आइतबार भेट गर्ने तयारी गरेका छन्। यसअघि रूसले युक्रेनी राष्ट्रपति र युरोपेली संघ (ईयु) का सहयोगीहरूलाई अमेरिकी मध्यस्थतामा तयार भएको शान्ति योजनामा अवरोध पुर्‍याउने प्रयास गरेको आरोप लगाएको छ।

उक्त भेटमा नयाँ शान्ति प्रस्तावबारे छलफल हुनेछ, जसले युद्धलाई हालको मोर्चामा स्थिर राख्ने र पूर्वी युक्रेनमा सैनिकरहित क्षेत्र सिर्जना गर्ने लक्ष्य राखेको छ। भर्खरै किएभमा केही विस्फोटका समाचार आएकाले अधिकारीहरूले नागरिकहरूलाई हवाई आक्रमणको सम्भावित चेतावनीका लागि सचेत रहन आग्रह गरेका छन्।

जेलेन्स्कीले युरोपेली सुरक्षा संगठनका महासचिव, जर्मनीका प्रमुख मन्त्री र अन्य युरोपेली नेताहरूसँग टेलिफोनमा वार्ता गरेका छन्। नयाँ योजनामा युक्रेनले सम्भावित क्षेत्रीय सम्झौताहरूलाई स्वीकार गरेको देखिन्छ। यसमा सुरक्षा प्रत्याभूति, पुनर्निर्माण र अर्थतन्त्रसम्बन्धी विषयहरू समावेश छन्।

